# गोदावरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## अत्तरिया, कैलाली


प.सं. २०८०/०८१ ( पशु सेवा शाखा )

सुदूरपश्चिम प्रदेश, नेपाल

च.नं.

मितिः २०८०/०४/२२ गते

**सुचना! सुचना!! सुचना!!!**

GIZ/GRAPE को आर्थिक सहयोगमा हेफर प्रोजेक्ट नेपालले गोदावरी नगरपालिकाको समन्वय र स्वीकृतिमा यस नगरपालिकामा संचालन गर्ने GRAPE परियोजना अन्तरगत जलवायु-उत्थानशील बाखापालनका क्रियाकलापहरू ३ वटा बखापालन समूहहरु (प्रति समूहमा २५ जना)मा कार्यान्वयन गर्न मिति २०८०/०३/०३ मा बसेको परियोजना शुरुआती बैठकको निर्णय अनुसार वडा नं. ४ छनौट भएकोले सो परियोजनासंग सहकार्य गर्न दर्ता भएका इच्छुक उक्त वडामा रहेका तपसिलको मापदण्ड पुगेका सकृय बाखापालक कृषक समूहहरुले सम्बन्धित वडाको सिफारिस सहित ७ दिन भित्र यस नगरपालिकाको पशु सेवा शाखामा आवश्यक कागजात सहित निबेदन पेश गर्न सूचित गरिन्छ।

**आवश्यक न्युनतम मापदण्डहरू:**

१) सम्बन्धित पशु सेवा शाखा वा साविंक जिल्ला पशु सेवा कार्यालयमा समूह दर्ता भएको हुनुपर्नेछ।
२) समूहमा महिला सदस्यको संख्या ६० प्रतिशत भन्दा बढी हुनुपर्ने छ।
३) समूहमा सदस्यको संख्या २५ हुनुपर्ने छ।
४) मासिक रुपमा समूहको बैठक बसेको हुनुपर्ने छ।
५) GRAPE परियोजना अन्तरगत अन्य कार्यक्रमबाट लाभान्वित भएका कृषक समूह बाहेकका समूहहरु हुनुपर्नेछ।

**निबेदन साथ पेस गर्नुपर्ने कागजातहरु :**

(१) समूह दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी।
(२) समूह सदस्यहरुको नामावली।
(३) मासिक बैठक बसेको निर्णय प्रतिलिपि।
(४) सम्बन्धित वडाको शिफारिश पत्र।

**निबेदन दिने अन्तिम मिति :** २०८०/०४ /२८ गते कार्यालय समय भित्र सम्बन्धित वडाको सिफारिश सहित यस पशु सेवा शाखामा वा पशु सेवामा निवेदन पेश गरी सक्नु पर्ने छ। यदि सो दिन सार्वजनिक बिदा परेमा त्यस लगत्तै कार्यालय खुल्ने दिनको कार्यालय खुल्ने समय भित्र।

राम बहादुर सार्की
शाखा प्रमुख
**पशु सेवा शाखा, गोदावरी नगरपालिका कैलाली**

ई-मेलः godawarimunkailali.livestock@gmail.com,वेभसाईटः www.godawarimunkailali.gov.np